लुङग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

नगर प्रहरी पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

परीक्षाको किसिम

| क्र.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तिणाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | | |
| | | शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा | ४० | १६ |
| २ | दोश्रो चरण | लिखित परीक्षा | ४० | १६ |
| ३ | तेस्रो चरण | प्रारम्भिक योग्यता र अन्तर्वार्ता परीक्षा | ५० | |

**द्रष्टव्य:**

१. परिक्षा किसिम प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा र प्रारम्भिक योग्यता र अन्तर्वार्ता परीक्षा हुनेछ ।

२. लिखित परीक्षामा माध्यम भाषा नेपाली वा अंग्रेजी वा दुबै हुन सक्नेछ ।

३. प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा छनौट भएका उम्मेदवार मात्र लिखित परीक्षा र लिखित परीक्षामा छनौट भएका उम्मेदवार मात्र अन्तर्वार्ता परीक्षामा सहभागी हुन सक्नेछन ।

४. वस्तुगत बहु वैकल्पिक प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अंङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा त्यस वापत अंङ्क दिइनेछैन र अंङ्क कट्टा पनि गरिनेछैन ।

५. परीक्षामा कुनै प्रकारको क्यालकुलेटर मोवाइल वा अन्य बिद्युतीय उपकरण प्रयोग गर्न पाइनेछैन ।

६. अन्तिम नतिजा प्रकाशनको लागि उम्मेदवारले प्रथम चरणमा प्राप्त गरेको अंङ्क र दोस्रो चरण लिखित परीक्षामा प्राप्त गरेको अंङ्कको शत प्रतिशत र अन्तर्वार्तामा प्राप्त गरेको औसत अंङ्कको आधारमा अन्तिम योग्यताक्रम तयार गरी सबैभन्दा बढी अंङ्क प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिनेछ ।

७. तेस्रो चरण परीक्षामा पहिलो र दोस्रो चरणबाट छनौट भएका मध्ये माग पदसंख्या भन्दा तीन गुणा उम्मेदवारलाई लैजान सकिने छ ।

८. पदपूर्ति सम्बन्धी अन्य कार्य कार्यविधिको पदपूर्तिको निर्णयानुसार हुनेछ ।

१. प्रथम चरण

## प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा

*शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा अयोग्य हुने अवस्थाहरू:*

क) आँखा +२ देखि -२ भन्दा बढी कमजोर भएमा

ख) रगत परीक्षण (मधुमेह)

ग) उचाई पुरुषको हकमा ५ फीट २ इन्च र महिलाको हकमा ५ फिट भन्दा कम भएमा, पुरुषको हकमा छाती ३१.५ इन्च भन्दा कम भएमा

घ) तौल पुरुषको हकमा ५० केजी र महिलाको हकमा ४२ के जी भन्दा कम भएमा

ङ) बाह्य शारीरिक परीक्षण (अस्वभाविक शारीरिक बनावट भएमा)

## शारीरिक तन्दुरुस्ती परीक्षण

क) ५०० मिटर दौड

| क्र.सं. | पुरुषको लागि समय | पुरुष/महिला अंक | महिलाको लागि समय |
|---|---|---|---|
| १ | १५० सेकेण्ड वा सो भन्दा कम | १० | १८३ सेकेण्ड वा सो भन्दा कम |
| २ | १६३ सेकेण्ड सम्म | ८ | १९७ सेकेण्ड सम्म |
| ३ | १७७ सेकेण्ड सम्म | ६ | २१० सेकेण्ड सम्म |
| ४ | १८६ सेकेण्ड सम्म | ४ | २२४ सेकेण्ड सम्म |
| ५ | १८६ सेकेण्ड भन्दा बढी | अनुत्तीर्ण | २२४ सेकेण्ड भन्दा बढी |

ख) पुस अप

| क्र.सं. | पुरुषको लागि | पुरुष/महिला अंक | महिलाको लागि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा बढी | १० | १४ पटक वा सो भन्दा बढी |
| २ | १७ पटक सम्म | ८ | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | ४ | ४ पटक सम्म |
| ५ | १० भन्दा कम | अनुत्तीर्ण | ४ भन्दा कम |

ग) चिन अप

| क्र.सं. | पुरुषको लागि | पुरुष/महिला अंक | महिलाको लागि |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा बढी | १० | ४ पटक वा सो भन्दा बढी |

| | | | |
|---|---|---|---|
| २ | १० पटक सम्म | ८ | ३ पटक सम्म |
| ३ | ८ पटक सम्म | ६ | २ पटक सम्म |
| ४ | ५ पटक सम्म | ४ | १ पटक सम्म |
| ५ | ५ पटक भन्दा कम | अनुत्तीर्ण | १ पटक भन्दा कम |

घ) सिट अप

| क्र.सं. | पुरुषको लागि | पुरुष/महिला अंक | महिलाको लागि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा बढी | १० | १२ पटक वा सो भन्दा बढि |
| २ | १७ पटक सम्म | ८ | १० पटक सम्म |
| ३ | १४ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | ११ पटक सम्म | ४ | ६ पटक सम्म |
| ५ | ११ भन्दा कम | अनुत्तीर्ण | ६ भन्दा कम |

## २. दोश्रो चरणः

### लिखित परीक्षा

*(यस चरणमा सोधिने प्रश्नहरु वस्तुगत बहुवैकल्पिक प्रश्नहरु समावेश हुनेछन्)*

**खण्ड क गणित ५ प्रश्न x २ अंक= १० अंक**

क) प्रतिशत, भिन्न, नाफा नोक्सान र साधारण ब्याज सम्बन्धी प्रश्नहरु

**खण्ड ख सामान्य ज्ञान तथा बौद्धिक परिक्षण सम्बन्धी १० प्रश्न x २ अंक = २० अंक**

क) लुङ्ग्री गाउँपालिकाको बारेमा सामान्य जानकारी
ख) लुङ्ग्री गाउँपालिकाको नगर प्रहरी ऐन, २०८१
ग) नेपालको भूगोल सम्बन्धी ज्ञान
घ) नेपालको इतिहास सम्बन्धी ज्ञान
ङ) लुङ्ग्री गाउँपालिकाको भाषा, संस्कृती, जातजाती र जनसंख्या सम्बन्धी ज्ञान
च) ट्राफिक नियम सम्बन्धी ज्ञान
छ) महत्वपूर्ण समसमायिक राष्ट्रिय घटनाहरुको बारेमा ज्ञान

**खण्ड ग सामान्य बौद्धिक परिक्षण ५ प्रश्न x २ अंक = १० अंक**

क) शाब्दिक तार्किक/ चातुर्यता परिक्षणः बोध, शब्दज्ञान, अनुक्रम, समरुपता आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछन्।

ख) मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परिक्षणः अनुक्रम, श्रेणीक्रम, समरुपता, वर्गिकरण आदि विषयवस्तुबाट प्रश्न समावेश गरिनेछ।

ग) अशाब्दिक तार्किक परीक्षणः अनुक्रम, समरुपता, एकरुपता आदि विषयवस्तुबाट प्रश्न समावेश गरिनेछ।

## ३. तेश्रो चरण

### प्रारम्भिक योग्यता र अन्तर्वार्ता ५० अंक

क) प्रारम्भिक योग्यता

१. बैंक तथा वित्तीय संस्था तथा नेपाल सरकारका निकायहरुमा सुरक्षाकर्मी बापत अनुभव भएको प्रतिवर्ष २ अंकका दरले र म्यादी प्रहरीमा काम गरेको प्रति चुनाव २ अंकका दरले अनुभव बापत बढीमा १० अंक

२. तोकिएको भन्दा उपल्लो शैक्षिक योग्यता वापत ५ अंक

३. स्थायी वासिन्दाको लागि (पूर्णाङ्क १०)

| | | |
|---|---|---|
| १. लुङग्री गाउँपालिकाको स्थायी वासिन्दाको हकमा | - | १० अंक |
| २. जोडिएका स्थानीय तहको स्थायी वासिन्दाको हकमा | - | ७ अंक |
| ३. रोल्पा जिल्लाको स्थायी वासिन्दाको हकमा | - | ५ अंक |

ख) अन्तर्वार्ता बापत - २५ अंक